# बुटवल उप–महानगरपालिका कार्यालय

# बुटवल, रुपन्देही

## पसल भवनका सटरहरु भाडामा दिने आय ठेक्का सम्बन्धी

### बोलपत्र आव्हानको सूचना

**तेस्रो पटक सूचना प्रकाशित मिति २०७७/०८/११**

बुटवल उप-महानगरपालिकाद्धारा निर्माण गरी हाल बहालमा लगाईएका वडा नं. ५ मा अवस्थित अमरपथ सपिङ्ग कम्प्लेक्सको सटर नं.४०३ र वडा नं ९ मा अवस्थित लुम्बिनी बस टर्मिनल भित्र रहेको सपिङ्ग कम्प्लेक्सको सटर नं. ८ सटर कोठाहरु खाली भएको हुदा हाल जे-जस्तो अवस्थामा छ सोही अवस्थामा ५ बर्षका लागि बहाल बन्दोवस्त गरी निजी क्षेत्र मार्फत संचालन गराउनु पर्ने भएकोले तोकिएका शर्त, नियम तथा प्रावधानहरुको परिधि भित्र रही तपसिलका स्थानमा रहेका पसल भवनका सटर कोठाहरु बहालमा लिन इच्छुक ब्यक्ति / फर्म /कम्पनीहरुलाई रित पूर्वकको बोलपत्र आव्हान गरी सम्वन्धित सबैको जानकारीका लागि तेस्रो पटक यो सूचना प्रकाशित गरिएकोछ ।

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिन अर्थात २०७७।८।१७ गते कार्यालय समय भित्र ईच्छुक व्यक्ति/फर्म/कम्पनीले क्रमशः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,फर्म दर्ता/नवीकरणको प्रतिलिपि र आ.व.०७६/०७७ को कर चुक्ताको प्रतिलिपि निवेदन साथ आफुले लिन खोजेको सटर कोठा नं. स्पष्ट रुपमा उल्लेख गरी प्रत्येक सटरको लागि रु.१०००। (पछि फिर्ता नहुने) बुझाई वुटवल उप-महानगरपालिका कार्यालयको राजश्व शाखावाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।
२. आफुले लिन चाहेको सटर कोठाको बोलपत्र फारममा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्टसंग उल्लेख गरी शिलबन्दी गरी खाम बाहिर आफ्नो नाम ठेगाना र सटर नं. उल्लेख गरी यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले ८ औं दिन अर्थात २०७७।०८।१८ गते दिनको १२.०० बजेसम्म वुटवल उप महानगरपालिका कार्यालय बुटवलमा दाखिला गरी सक्नु पर्ने छ । साथै दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको २.०० बजे बु.उ.म.न.पा.कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. बोलपत्र खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने अन्तिम दिन तथा खोल्ने दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिन खरिद गर्ने र सोको भोली पल्ट दाखिला गर्ने तथा खोल्ने कार्य हुनेछ ।
४. बहाल संझौता अवधी ५ वर्षको हुनेछ र प्रत्येक वर्ष ५ प्रतिशतका दरले बहाल बृद्धि हुदै जानेछ । ५ वर्ष पछि पुनः प्रतिस्पर्धात्मक प्रकृयाबाट बहाल बन्दोबस्त गरिने छ ।
५. बोलपत्रदाताले बोलपत्र साथ तोकिएको न्युनतम मासिक बहाल (प्रत्येक बर्षको ५ प्रतिशतले बृद्धि हुने रकम समेत) रकमले ५ बर्षका लागि हुने कुल रकमको ५ प्रतिशतले हुने रकम बु.उ.म.न.पा.का.को नाममा रा.वा.बैंक खस्यौली शाखामा रहेको धरौटी खाता नं.३१२०१००३०३००००२ मा जम्मा गरेको संक्कलै बैंक भौचर/नगद वा सो रकम बराबरको बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तीमा ९० दिन सम्म म्याद भएको बु.उ.म.न.पा.का.को नाममा जारी गरिएको बैक जमानी पत्र (बिड बण्ड) पेश गर्नु पर्नेछ ।
६. सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ ।
७. बोलपत्र स्वीकृत भए पछि तोकिएको न्युनतम बहाल रकमको ५ प्रतिशतले हुने रकम बु.उ.म.न.पा.का.को नाममा रा.वा.बैंक खस्यौली शाखामा रहेको धरौटी खाता नं.३१२०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर र मासिक बहाल कबोल अंकको ६ महिना बराबरले हुने रकम आन्तरिक राजस्व खातामा जम्मा गर्नु पर्ने छ ।
८. बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले ७ दिन भित्र धरौटी सहित बहाल संझौता गर्न नआएमा वोलपत्र साथ रहेको धरौटी जफत गरी नियमानुसारको प्रक्रिया बढाईनेछ ।
९. मासिक बहाल रकम भुक्तानी गर्दा प्रत्येक महिना अग्रिम रुपमा बुझाउंनु पर्नेछ । बहाल रकम तोकिएको समयमा नबुझाएमा बार्षिक १० प्रतिशतका दरले दैनिक रुपमा हिसाव गरी बिलम्ब शुल्क लाग्नेछ ।
१०. बहाल रकम बार्षिक रुपमा श्रावण महिना भित्र एकमुष्ट रुपमा बुझाउनेलाई बुझाउने बहाल रकमको १० प्रतिशत छुट दिईनेछ
११. जन स्वास्थ्यको दृष्टिकोणले प्रतिकुल प्रभाव पार्ने खालका तथा नेपाल सरकारबाट निषेध गरिएको सामानहरु बिक्री बितरण गर्न पाईने छैन ।

१२. पानी र बिधुत महशुल खपतको आधारमा मासिक रुपमा सव मिटरमा उठेको अंकको कार्यालयले तोकेको प्रति यूनिटका दरमा बहालमा लिनेले बु.उ.म. न.पा.का.मा बुझाउनु गर्नेछ ।
१३. हाल बुटवल उपमहानगरपालिकालाई बुझाउनु पर्ने शटर बहाल नबुझाई बक्यौता राख्ने व्याक्ति वा फर्मले बोलपत्र फर्म भर्न पाउने छैन ।
१४. अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण वोलपत्र फारममा उल्लेख गरिएको छ । थप जानकारीका लागि बुटवल उप-महानगरपालिका कार्यालयको प्राकृतिक स्रोत तथा सम्पत्ति व्यावस्थापन शाखामा सम्पर्क गर्न सकिनेछ ।
१५. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार वुटवल उप महानगरपालिकामा सुरक्षित रहनेछ ।
१६. अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन,बुटवल उपमहानगरपालिकाको आय ठेक्का नियमावली २०७६ र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

**सटरको विवरण**

| आय ठेक्का नं. | सटरको विवरण | न्युनतम मासिक बहाल रकम | तोकिएको धरौटी रकम |
|---|---|---|---|
| १।०७७।०७८ | अमरपथ सपिङ्ग कम्प्लेक्सको सटर नं.४०३ | ३३४२७ | ९०९७३।१४ |
| | लुम्बिनी वस टर्मिनलभित्र रहेको सपिङ्ग कम्प्लेक्सको सटर नं.८ | २२६६० | ७५१२६।५८ |